आज मिति २०७९।०५।३१ गते शुक्रवार दिनको ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| | अन्य कर्मचारीहरू | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | धनमाया राई | लेखा अधिकृत | |
| ३ | झमक भट्टराई | अधिकृत छैठौं | |
| ४ | कृष्ण न्यौपाने | एम.आई.एस अपरेटर | |
| ५ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |

अनुसूचिः २

(नियम २४ को उपनियम १ सँग सम्बन्धित)

नगर कार्यपालिका वैठकमा पेश भएको प्रस्ताव

बेलबारी, नगरपालिका

नगर कार्यपालिकाको कार्यालय बेलबारी

मोरङ जिल्ला १ नं. प्रदेश

विषयः आवश्यक विषयहरु सम्बन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०७९।०५।२९

१. विषयको संक्षिप्त व्यहोराः

मिति २०७९।०५।३१ गते शुक्रबार विहान ८:०० बजे बस्ने नगर कार्यपालिकाको वैठकमा तपशिल बमोजिमका विषयहरु प्रस्तावको रुपमा पेश गर्न वान्छनिय भएकोले,

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

- प्रमुखज्यूबाट प्राप्त राय सहित सम्बन्धित शाखाबाट प्राप्त सुझाव।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको रायः

- नगरपालिकाको काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक भएका तपशिलमा उल्लेखित विषयहरु कार्यपालिकाको वैठकबाट निर्णय गरि क्रार्यान्वियन गर्न गराउन आवश्यक भएको ।

४. निर्णय हुनु पर्ने व्यहोराः

तपशिल बमोजिमका आवश्यक प्रस्तावहरु कार्यान्वियनको लागि निर्णय गर्नु पर्ने ।

प्रस्तावहरु

१. अघिल्लो बैठकको प्रगति समिक्षा सम्वन्धमा ।
२. १ नं. प्रदेश सरकार सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र बेलबारी नगरपालिकाविच भएको समझदारी अनुमोदन सम्वन्धमा ।
३. निर्णय अनुमोदन / स्वीकृत सम्बन्धमा ।
४. दिर्घरोगी स्वस्थ्य सहयोग सम्वन्धमा ।
५. घरनक्सा / कारवाही र व्यवस्थापन कार्य सम्बन्धमा ।
६. "बेलबारीमा वेल" कार्यक्रम सम्बन्धमा ।
७. बाँसद्वारा खोलामा Bio Engineering सम्वन्धमा ।
८. वैकल्पिक उर्जाको कार्यक्रम सम्वन्धमा ।
९. ठेक्का बन्दोबस्त सम्बन्धमा ।
१०.मेकानिकल ईन्जिनियरको सेवा खरिद सम्वन्धमा ।
११.वडामा कार्यालय सहयोगी कर्मचारी, सरसफाई कर्मचारी र सूरक्षागार्ड व्यवस्थापन सम्बन्धमा ।
१२.वाईफाईका लागि अनुदान दिने सम्बन्धमा ।
१३.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव सम्वन्धमा ।
१४.संघसंस्था स्वीकृत गर्ने सम्बन्धमा ।
१५.स्थानीय दररेट अनुमोदन सम्वन्धमा ।
१६.दुःख मा नगरपालिका (संसोधन ) ।
१७.आ.व. २०७८/७९ को वार्षिक समिक्षा सम्बन्धमा ।
१८.सार्वजनिक सुनुवाई सम्वन्धमा ।
१९.कार्यविधि ।
२०.विविध ।

श्रीमान. पेश गर्दछु ।

सदर

निर्णयहरू

निर्णय नं.१: मिति २०७९।०५।१२ गते सम्पन्न कार्यपालिका बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

देहाय

| क्र.स. | निर्णयहरू | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १. | खोलाको I.E.E. प्रतिवेदन, २०७९ सम्बन्धमा । | ठेक्का सूचना प्रकासन । | |
| २. | खोला ठेक्का व्यवस्थापन सम्बन्धमा । | ठेक्का सूचना प्रकासन । | |
| ३. | विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता र सहयोगीको पारिश्रमिक सम्बन्धमा । | तलब निकासा भएको । | |
| ४. | लोक सेवा आयोगको माग आकृति फारम सम्बन्धमा । | पठाईएको । | |
| ५. | साझेदारी बन व्यवस्थापनमा प्रतिनिधि पठाउने सम्बन्धमा । | पठाईएको । | |
| ६. | औधोगिक ग्रामको जग्गा व्यवस्थापन । | भएको । | |
| ७. | नगर खेलकुद विकास समिति गठन सम्बन्धमा । | भएको । | |
| ८. | आन्तरिक श्रोत व्यवस्थापन सम्बन्धमा । | तेस्रो / चौथो पटक सुचना प्रकासन गर्दापनि ठेक्का व्यवस्थापन नभएको । | |
| ९. | उद्यम विकास समिति गठन सम्बन्धमा । | भएको । | |
| १०. | भूउपयोग परिषद् र भूउपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा । | भएको । | |
| ११. | फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | सूचना प्रकासन भएको। | |
| १२. | सार्वजनिक खरिद नियमावली, २०७८ को दोश्रो संशोधन सम्बन्धमा । | संसोधन भएको । | |
| १३. | सचिवालयमा निजी सचिव व्यवस्थापन सम्बन्धमा । | व्यवस्थापन गरिएको । | |
| १४. | सुनसरी मोरङ सिंचाई आयोजना अन्तर्गतको नहर सडक मर्मत सम्बन्धमा । | कार्यान्वयन प्रारम्भ भएको । | |
| १५. | लोहन्द्रा/चिसाङ खोला बाढी नियन्त्रणमा भएको खर्च भूक्तानी सम्बन्धमा । | कार्यान्वयनको प्रकृयामा रहेको । | |
| १६. | लोहन्द्रा/चिसाङ खोला नदी नियन्त्रण सम्बन्धमा । | समन्वय भईरहेको । | |
| १७. | ह्यूमपाइप खरिदको रकम भूक्तानी सम्बन्धमा । | वडाबाट अभिलेख आईनपुगेको । | |
| १८. | बेलबारी नगर अस्पतालमा कोठा थप सम्बन्धमा । | प्रारम्भिक प्रकृयामा रहेको । | |
| १९. | भेरिएसन सम्बन्धमा | भएको । | |
| २०. | सवारीसाधन मर्मत र ईन्धन सम्बन्धमा । | भएको । | |
| २१. | म्याद थप सम्बन्धमा । | भएको । | |
| २२. | Standard Bid Document सम्बन्धमा । | भएको । | |
| २३. | विपत व्यपस्थापन सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| २४. | ल्याब स्थापनमा सम्बन्धमा । | सूचना प्रकासन गर्न बाँकी रहेको । | |
| २५. | स्टक प्रमाणित सम्बन्धमा । | एक वटा भएको । | |
| २६. | O&M सम्बन्धमा । | प्रकृयाको चरणमा रहेको । | |
| २७. | आन्तरिक स्रोत संकलन समिति | प्रतिवेदन प्रास नभएको । | |

निर्णय नं. २: १ नं. प्रदेश सरकार सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र बेलबारी नगरपालिका बीच भवन संहिता कार्यान्वयन गर्ने गरी भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: नगर प्रमुखस्तरबाट भएका देहायका निर्णयहरूलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | माग गर्ने संस्था / निकाय | विषय | माग रकम रु | पालिकाबाट प्रदान गरिने रकम रु | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खसक्षेत्री एकता समाज | खसक्षेत्री एकता समाज बेलबारी नगर समितिको साँस्कृतिक कार्यक्रम लगायत | २,००,०००/- | १,२५,०००/- | १५९ | |
| २ | जितिया पर्व व्यवस्थापन समिति वडा नं. ५ र ७ | जितिया पर्व व्यवस्थापन | २,००,०००/- | ५०,०००/- | १५९ | वडा नं. ५ मा समेत जितिया पर्व व्यवस्थापन गर्ने । |
| ३ | थारू कल्याणकारी सभा | थारू कल्याणकारी सभा अधिवेशन तथा साँस्कृतिक कार्यक्रम | २,००,०००/- | १,७५,०००/- | १५९ | रु २५०००/- वडा नं. ९ को जितिया पर्व व्यवस्थापनका लागि |
| ४ | सृजना सामुदायिक बन उपभोक्ता समिति | खेलकुद सामाग्री खरिद र वितरण | २,००,०००/- | १,२५,०००/- | १४६ | |
| ५ | खवास कला केन्द्र | कोपिला फिल्म (चेलीबेटी बेचविखन विरूद्ध) | १,००,०००/- | ५०,०००/- | १५९ | |
| ६ | बेलबारी साहित्य विकास समिति | बेलबारी साहित्य विकास समिति | ६०,०००/- | ५०,०००/- | १५९ | |
| ७ | सुकुना बहुमुखी क्याम्पस विद्यार्थीहरु | शैक्षिक भ्रमण | | २५,०००/- | १५९ | |
| ८ | उज्यालो महिला फेडेरेसन बेलबारी | तीज पर्वको सान्दर्भिकताबारे विचार गोष्ठि | | ५०,०००/- | १५९ | |
| ९ | इन्द्रपुर जेसीज सुन्दरहरैंचा | स्मारिकामा विज्ञापन छपाई | | १,००,०००/- | १५९ | |
| १० | श्रीमद् भागवत धर्म प्रचार प्रसार संस्था | संस्कृति संरक्षण तथा विकास कार्यक्रम | | ७५,०००/- | १५९ | |

| क्र.स. | माग गर्ने संस्था / निकाय | विषय | माग रकम रु | पालिकाबाट प्रदान गरिने रकम रु | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|---|
| ११ | क्युपेक नेपाल जिल्ला कमिटी मोरङ | मजदुर हकहितका लागि अभिमुखीकरण कार्यक्रम | | ८५,०००/- | १५९ | |
| १२ | लोहन्द्रा बेतना जल उपभोक्ता समूह बेलबारी – ४ र ५ | वडा नं. ४ र ५ बीचको लोहन्द्रा बेतना पैनी मर्मत | | ४,००,०००/- | ३५३ | |
| १३ | बेलबारी बहुमुखी क्याम्पस बेलबारी | शैक्षिक भ्रमण | ४,००,०००/- | १,००,०००/- | १७८ | |
| १४ | एनप्यासन | वक्तित्वकला प्रतियोगिता | ८४,०००/- | ७०,०००/- | | |

**निर्णय नं. ४:** संघीय सरकारले असाध्य दीर्घ रोगीका लागि मासिक रूपमा उपलब्ध गराउने मासिक रकम पाँच हजार रुपैया मात्र पालिकाबाट उपलब्ध गराई सोधभर्ना गर्नुपर्ने भएको हुँदा कार्यविधि मुताविकका रोगीहरूको पहिचान गरी हाललाई देहायका स्रोतबाट रकम खर्च गरी चौमासिक रूपमा सोधभर्ना माग गर्ने निर्णय गरियो।

<u>देहाय</u>

| सि.नं. | श्रोत | विरामीको प्रकृति | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जनता उपचार कोष | मृगौला प्रत्यारोपण | ५०००।- | जनही |
| २ | | मृगौला डायलसिस | ५०००।- | जनही |
| ३ | | क्यान्सर | ५०००।- | जनही |
| ४ | | स्पाइनल इन्जुरी | ५०००।- | जनही |

**निर्णय नं. ५ :** नगर क्षेत्रभित्र विना अनुमति निर्माण भईरहेका घर संरचनाहरुको नियमित अनुगमन गर्ने र विना अनुमति निर्माण भएका घर संरचनाहरुलाई अन्तिम एक पटकका लागि पैतिस दिने सूचना मार्फत नियमानुसार राजश्व लिई नियमित/अभिलेखिकरण गर्ने अवसर दिने र सो अवधि भित्र पनि घर संरचनाहरुलाई नियमिति/अभिलेखिकरण नगर्ने व्यक्ति/संघ संस्थालाई कारवाही प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** विश्व साक्षरता दिवस र वाल दिवस २०७९ को अवसरमा सामुदायिक तथा संस्थाका विद्यालयका कक्षा ६ भन्दा माथिका सबै विद्यार्थीहरूको सहभागितामा जनही एक/एक वटा वेलको वृक्ष सम्बन्धित विद्यार्थीद्वारा विद्यालयको सहजिकरण र अनुगमनमा रोप्ने कार्य वृहत रूपमा सम्पन्न भयो । यस अभियानमा सहकार्य गर्ने सबै विद्यायलहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै निरन्तर अनुगमन र रोपिएको वेलको वृक्षको प्रतीका सन्दर्भमा प्रतिवेदन प्रमाणीको विकास गर्न शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** बेलबारी नगरपालिका वडा नं. ७ स्थित दौलतपुरमा चिसाङ खोलाले जमिन कटान गरी ठूलो धनको क्षति गरेको हुँदा स्थानीय समुदायबाट समूह निर्माण गरी जमिन कटान भएको ठाउँमा बाँस लगतयका विरूवा रोपी Bio Engineering प्रविधिबाट नदी नियन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** संघिय सरकारबाट बैकल्पिक उर्जा प्रवर्द्धनका लागि शसर्त अनुदानको रुपमा प्रास भएको रु. आठ लाख रकमको योजना कार्यान्वयन गर्न समुदाय स्तरयमा आवश्यक्ताको पहिचानका लागि सार्वजनिक सूचना प्रकसन गरी प्रास आवेदनहरु/मागका आधारमा

चालु आ.व. २०७९/०८० मा सम्पादन गर्ने कार्यको निधो गरी अर्को कार्यपालिका बैठकमा पेश गर्ने । सोका लागि देहायका सम्भावित विषयक्षेत्रलाई सूचनामा समावेश गर्ने ।

देहाय

- क. वायोग्याँस व्यवस्थापन
- ख. सोलार वत्ती मर्मत व्यस्थापन
- ग. इन्डक्सन चुलो

निर्णय नं. ९ : आर्थिक वर्ष २०७९/८० का लागि नगरसभाबाट स्वीकृत भएका देहायका आयोजना/कार्यक्रमहरूको देहाय बमोजिम सूचना प्रकासन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| क.स | आयोजनाको नाम | ठेक्काको प्रकार | कैफियत |
|---|---|---|---|
| क. | बेलबारी नगरपालिकाको प्रशासनिक भवन पूर्णता | बोलपत्र (e-Bid) | विवरण खरिद योजनामा छ । |
| ख. | नगरस्तरिय सडक कालोपत्रे गर्ने आयोजनाहरु | बोलपत्र (e-Bid) | विवरण खरिद योजनामा छ । |
| ग. | औषधी खरीद | दरभाउपत्र (e-Bid) | खरिद ईकाईको निर्णयानुसार । |
| घ. | स्टेशनरीका सामाग्रीहरु | बोलपत्र (e-Bid) | खरिद ईकाईको निर्णयानुसार । |
| ङ. | बेलबारी नगर अस्पतालमा फार्मेसी सञ्चालन | बोलपत्र (e-Bid) | न्यूनतम कबोल अंक २०,५०,०००।- |

*नोटः सडक कालोपत्रे गर्ने आयोजनाका हकमा स्थानीय आवश्यक्ता, औचित्यता, सडकको लम्बाई र प्रतिस्पर्धाबाट घट्न सक्ने प्रतिशत समेतलाई ध्यानमा राखी प्रति आयोजना रु. ६५ लाख नकट्ने गरी लागत अनुमान तयार गरी सूचना प्रकासन गर्ने र बाकी रकम समपुरक कोषबाट व्यहोर्ने ।*

निर्णय नं. १० : बेलबारी नगरपालिकासँग मेकानिकल ईन्जिनियरको दरबन्दी नभएकोहुँदा दैनिक कार्यसम्पादनमा कठिनाई परिरहेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) बमोजिम मेकानिकल ईन्जिनियरको परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : बेलबारी नगरपालिकाका देहायका वडाहरूमा कार्यालय सहयोगी कर्मचारी र नव निर्मित वडाहरूमा कम्पाउण्ड वाल नभएका कारणले सुरक्षाको दृष्टिकोण मध्यजनर गर्दै रात्रीकालिन सुरक्षाका लागि कार्यालय सुरक्षा गर्ने चौकिदार नभएकोहुँदा उल्लेखित कार्य गर्नका लागि सम्बन्धित वडालाई देहाय बमोजिमको रकम मासिक रुपमा प्रदान गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| वडा नं. | पद | मासिक भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३ | कार्यालय सहयोगी | प्रति वडा प्रति महिना रु. १३,५००।- | प्रचलित कानून बमोजिम योग्यता पुगेको व्यक्तिलाई जिम्मेबारी किटान गरी दैनिक डोर हाजिरिमा अर्को व्यवस्था नभएसम्मका लागि काममा लगाउने । |
| ५ | | | |
| ६ | | | |
| ४ | चौकिदार | प्रति वडा प्रति महिना रु. १०,०००।- | |
| ६ | | | |
| ८ | | | |

निर्णय नं. १२ : बेलबारी नगरपालिका सम्पूर्ण वडाका देहायका पचास स्थानहरूमा वाईफाई जडान गरी वैकल्पिक शिक्षा प्रणालीमा सहयोग पुर्याउन देहायका विद्यालयहरूलाई देहाय बमोजिमको स्थानहरूमा वाईफाई जडान, व्यवस्थापन, मर्मत, मासिक शूल्क लगायतका व्यस्थापकिय कार्यका लागि रकम नौ लाख मात्र क्रमागत योजनाको सि.नं. १४ बैकल्पिक विधिबाट शिक्षण सिकाइ कार्यक्रम शिर्षकबाट खर्च हुने गरी अनुदान दिने निर्णय गरिने ।

<u>देहाय</u>

| क.स | विद्यालयको नाम | जडान हुने संख्या | स्पेशिफिकेसन र अनुदान रकम रु. | खरिद प्रकृया | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय, नक्सल बेलबारी – १ | ४ | घटिमा १०० | सार्वजनिक खरिद | |
| २ | श्री कविर माध्यमिक विद्यालय, बेलबारी – २ | ५ | एम.वि.पि.एस, | ऐन/नियमावली | |
| ३ | श्री भगवती माध्यमिक विद्यालय, बेलबारी – ३ | ५ | व्यवस्थापन खर्च, | बमोजिम वडा | |

| क.स | विद्यालयको नाम | जडान हुने संख्या | स्पेसिफिकेसन र अनुदान रकम रु. | खरिद प्रकृया | कैफियत |
|---|---|---|---|---|---|
| ४ | श्री कसेनी माध्यमिक विद्यालय, बेलबारी – ४ | ५ | मर्मत खर्च लगायतका खर्चका लागि प्रति जडान हुने इकाई बराबर रु. १८००० का दरले अनुदान उपलब्ध गराउने | कार्यालयसँग समन्वय गरी खरिद गर्ने, सो को जानकारी नगरपालिकालाई उपलब्ध गराउने र सञ्चालन अवस्थामा नियमित प्रतिवेदन गर्ने । | |
| ५ | श्री धनपाल माध्यमिक विद्यालय, बेलबारी – ५ | ५ | | | |
| ६ | श्री महेन्द्र मा.वि., बेलबारी – ६ | ४ | | | |
| ७. | श्री रामजानकी आ.वि., बेलबारी – ७ | ४ | | | |
| ८ | श्री जनता मा.वि., राधानगर बेलबारी – ८ | ५ | | | |
| ९ | श्री जनता नमुना मा.वि., बेलबारी – ९ | ४ | | | |
| १० | श्री धिरनाथ सम्फुल विश्वास मा.वि., बेलबारी - १० | ५ | | | |
| ११ | श्री लक्ष्मी माध्यमिक विद्यालय, बेलबारी – ११ | ४ | | | |

**निर्णय नं. १३ :** अख्तियार दुरूपयोग आयोगको ईटहरीको प.सं. ७८/७९ च.नं. ४३८२२ मिति २०७९।०३।३० गतेको प्राप्त पत्र अनुसार सम्मानित आयोगले यस कार्यालयका शिक्षा शाखा प्रमुखको रूपमा कार्यरत श्री भुपेन्द्र प्रशाद कोईरालालाई बेलबारी बहुमुखी क्याम्पसको क्याम्पस प्रमुख पदमा नियुक्ति गरेको पाईएको हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को कार्यक्षेत्र भित्र रही कामकाज गर्न बेलबारी नगरपालिकालाई अख्तियार दुरूपयोग आयोग ऐन २०४८ को दफा २८ (१) बमोजिम सुझाब प्राप्त भएको हुँदा यस कार्यालयका शिक्षा शाखा प्रमुख श्री भुपेन्द्र प्रसाद कोईराला यस नगरकार्यपालिकाको निर्णयानुसार बेलबारी बहुमुखी क्याम्पसमा कार्य गरी रहनु भएको पाईएकाले आयोगको सुझाब कार्यान्वयन गर्दै अब आइन्दा बेलबारी बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखको रूपमा नगर्ने गरी आवश्यक प्रवन्ध गर्न कार्यालयलाई निर्देशन दिने र सोको जानकारी बेलबारी बहुमुखी क्याम्पस र अख्तियार दुरूपयोग आयोगलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. १४ :** विभिन्न मितिमा संस्था दर्ताका लागि प्राप्त निवेदन उपर छलफल गरी देहाय बमोजिम संस्था दर्ताका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

| क.स. | संस्थाको नाम | ठेगाना | कार्यालय रहने स्थान | अध्यक्षको नाम तथा पदाधिकारीको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी नारायण मन्दिर तथा भजन कृतन मण्डली परिवार | बेलबारी ५ | बेलबारी ५ | तुलसीजंग बस्नेत समेत ११ जना | स्वीकृत |
| २. | बेलबारी नगर व्याडमिण्टन क्लब | बेलबारी ३ | बेलबारी ३ | जित बहादुर कोईराला समेत १५ जना | स्वीकृत |
| ३. | प्रेस क्लब बेलबारी | बेलबारी १ | बेलबारी १ | नरेन्द्र बस्नेत समेत ९ जना | स्वीकृत |
| ४. | नेपाल दशनामी समाज | बेलबारी ३ | बेलबारी ३ | समशेर प्रसाद गिरी समेत ११ जना | स्वीकृत |
| ५. | बेलबारी ट्याक्टर संघ | बेलबारी १ | बेलबारी १ | नारायण गुरुङ समेत ११ जना | सिमित वडाका सदस्यहरु मात्र रहेकाले सबै वडाका सदस्यहरु समावेश गरेपछिमात्र स्वीकृति दिने |
| ६. | सिंहमाई मच्छिन्द्र देवी मन्दिर | बेलबारी २ | बेलबारी २ | तुलसीराम पुरी समेत १५ जना | स्वीकृत |

**निर्णय नं. १५ :** बेलबारी नगरपालिकालाई आ.व. २०७९/८० का लागि आवश्यक पर्ने देहायका विषयसँग सम्बन्धित सामाग्रीहरूको लगात अनुमान तयार गर्नका लागि सार्वजनिक सूचना प्रकासन गरी प्राप्त भएका दररेट समेतका आधारमा तयार गरिएको दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : बेलबारी नगरपालिका दुःखमा नगरपालिका कार्यक्रम सञ्चालन कार्यविधि २०७८ तेश्रो संशोधन २०७९ लाई देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| दफा/उपदफा र साविकमा भएको व्यवस्था | संशोधन/थप हुनु पर्ने विषय | संशोधन गर्नु पर्ने कारणहरु |
|---|---|---|
| दफा – ३ को उपदफा (१) को खण्ड (क)<br>बेलबारी नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने अति विपन्न परिवारमा मृत्यु भएमा समबेदना पत्र सहित नगद रु. ५ हजार सहयोग प्रदान गरिने छ । | दफा – ३ को उपदफा (१) को खण्ड (क)<br>बेलबारी नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने अति विपन्न परिवारमा मृत्यु भएमा समबेदना पत्र सहित नगद रु. ५ हजार सहयोग प्रदान गरिने छ तर सार्वजनिक निकायबाट तलब, भत्ता, निर्वित्तीभरण लगायतका सेवा सुविधा प्राप्त गर्ने परिवार वा प्रचलित कानुन बमोजिम संघ/प्रदेस र स्थानीय तहमा निर्वाचित वा नियुक्त वा मनोनित भएका पदाधिकारीहरूको एका संगोलको परिवार वा युरोप, अमेरिका, अष्ट्रेलिया लगायत वैदेशिक अध्ययनका लागि विदेश गएका एका संगोल परिवारका सदस्य वा प्रचलित कानुन बमोजिम संगठित संस्थामा संम्झौता वा नियुक्ति भई निरन्तर तलब बुझ्ने व्यक्तिको परिवार वा भारत बाहेक वैदेशिक रोजगरीका लागि विदेश गएका परिवार वा पाँच कठ्ठा भन्दा बढी जग्गा भएको वा एकतले पक्की घर वा आफैले उद्यम गरी मासिक वीस हजार भन्दा बढी आम्दानी गर्ने परिवारका सदस्यलाई नगद रु पाँच हजार प्रदान गरिने छैन । उल्लिखित विषयको निर्धारण अर्को व्यवस्था नभईन्जेलसम्मका लागि वडा समितिले गर्नेछ । सोको जिम्मेवारी र जवाफदेहिता समेत वडा समितिको हुनेछ । | थप व्यवहारिक र यथार्थ परक बनाउन । |

निर्णय नं. १७ : अघिल्लो आर्थिक वर्ष २०७८/७९ को प्रचलित कानुन बमोजिम गर्नुपर्ने वार्षिक समिक्षा मिति उपप्रमुखको प्रस्तावमा नगरप्रमुखले तय गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : चालु आर्थिक वर्ष २०७९/८० को प्रचलित कानुन बमोजिम गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रम आगामी कार्यपालिकाको बैठकमा तय गर्ने ।

निर्णय नं. १९ : विधायन समितिले स्वीकृत गरी सिफारिस गरेका देहायको कार्यविधि उपर दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

क. बेलबारी नगरपालिका नगर बस सेवा सञ्चालन निर्देशिका, २०७९

ख. बेलबारी नगरपालिका सर्पदंश उपचार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

निर्णय नं. २० : विविध ।

क. रंगेली नगरपालिकाको प.सं. २०७९/८० चलानी नं. ३४८ मिति २०७९।०५।०९ को पत्रबाट बेलबारी नगरपालिका वडा नं. ७ र रंगली नगरपालिका वडा नं. १ को सीमानामा रंगेली नगरपालिकाको तर्फबाट निर्माण गरिने सिँचाई बाँधका सम्बन्धमा सहमति माग भएकोमा देहाय बमोजिम सहमति दिने निर्णय गरियो ।

देहाय

१. स्थानीय क्षेत्रमा डुवान भई जनजीवनमा नकारात्मक असर नपर्ने व्यवस्था कायम गर्न,

२. प्रचलित कानुन बमोजिम विपद तथा वातावरणका दृष्टिकोणले गर्नुपर्ने कार्यहरू गर्न,

३. दुवै पक्षका जनताहरूलाई लाभ हुंने गरी कार्य गर्न ।

ख. बेलबारी नगर अस्पतालका लागि देहाय बमोजिमका शीर्षकमा प्रचलित कानुन बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

देहाय

| क.स. | शिर्षक | विनियोजित रकम | रकम बेहोर्ने स्रोत | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | तलब भत्ता | ९०,०००/- | नगर अस्पताल कोष | २०७९ पौष मसान्तसम्म | १ जना ल्याब असिष्टेन्टको तलब |
| २. | औषधि र औषधिजन्य सामाग्री खरिद | ४,००,०००/- | नगर अस्पताल कोष | | सा.ख.ऐ. तथा नियमावली बमोजिम |
| ३. | धारा, पानी, विजुली लगायत कार्यालय संचालन खर्च | १,००,०००/- | नगर अस्पताल कोष | | विल तथा आवश्यकताका आधारमा गर्ने । |
| ४. | अतिरिक्त समय काम गरे वापत खाजा, नास्ता | ५०,०००/- | नगर अस्पताल कोष | | समितिको निर्णयका आधारमा |

ग. चालु आ.व. २०७९/८० का लागि नगर सभाबाट स्वीकृत भएको विनियोजन ऐनलाई कार्यान्वयन गर्नका लागि पेस भएको वार्षिक खरिद स्वीकृत गर्ने निर्णय गरियो ।

घ. वडा नं. १० को लेटरप्याडमा वडा केन्द्रको रुपमा भद्रसिंह चौक कायम गर्ने निर्णय गरियो ।

ङ. वडाका लागि आवश्यक सामाग्रीहरुको माग संङ्कलन गरी समाग्रीहरुको आपूर्ती व्यवस्था गर्ने ।

च. असोज १, २०७९ बाट लोहन्द्रा र चिसाङ खोलाबाट खोलाजन्य पदार्थ उत्खनन्, संङ्कलन तथा बिक्री गर्ने कार्य खोल्नुपर्नेमा उल्लेखित खोलाको ठेक्का बन्दोबस्तीका लागि सूचना प्रकाशन भई सकेको र खरिद प्रकृयामा रहेकोहुँदा खोलामा कुनै प्रकारको साधन प्रवेश गरी खोलाजन्य पदार्थ उत्खनन् र ढुवानी गर्न नदिने निर्णय गरियो । सो सम्बन्धमा अन्य निर्णय गर्नुपर्ने भएमा बस्तुगत अवस्थाको आधारमा नगर उपप्रमुखज्यूको प्रस्तावमा नगर प्रमुखज्यूले निर्णय गरे बमोजिम हुने ।

छ. थारु जातिहरुको महान जितिया पर्वको अवसरमा मिति २०७९ असोज २ गते आइतबारका दिन नगर क्षेत्रभित्र सार्वजनिक विदा दिने निर्णय गरियो ।

ज. साविक बेलबारी गाउँ विकास समितिले नेपाल टेलिकमलाई साविक बेलबारी गाउँ विकास समितिको नाममा दर्ता कायम रहेको कि.नं. कसेनी १ (घ) ज.वि. ०-६-० क्षेत्रफलको जग्गा निशुल्क रुपमा प्रदान गर्न पत्रचार गरेको पाइयो । उल्लेखित पत्रमा तत्कालीन गाउँ परिषद् वा गाउँ विकास समिति कस्को निर्णय हो खुल्ने कुनै कागजपत्र र अभिलेख यस कार्यालयमा नरहेको अवस्था छ । उक्त जग्गामा टेलिकमको कुनै पनि प्रकारको सेवासँग सम्बन्धित कार्यालय हालसम्म नरहेको, टेलिकमबाट कुनै प्रकारको सेवा प्रवाह नभईरहेको साथै उक्त जग्गाको स्वामित्व हस्तान्तरका लागि आवश्यक प्रकृया समेत अगाडि नबढाएको अवस्था एकातर्फ छ भने स्थानीय सरकारको रुपमा बेलबारी नगरपालिकाले कार्य गर्न प्रारम्भ गरेपश्चात नगरपालिकालाई आफ्नै प्रयोजन हाटबजार व्यवस्थापन लागयतका लागि जग्गा अपुग भईरहेको छ । विद्यमान स्थानीय सरकारको भूमिका, कार्यक्षेत्र, विकास व्यवस्थापनका लागि आवश्यक पर्ने संरचना निर्माण गर्नका लागि चाहिने भूमिको अभाव, बढ्दो सहरीकरण र हालसम्म अनुत्पादक रुपमा नेपाल टेलिकमले उक्त जग्गालाई राखेका कारण सो जग्गा नेपाल टेलिकमको नाममा हक हस्तान्तरण गर्न सकिने अवस्था छैन तसर्थ उक्त जग्गा नगरपालिका आफैले संरक्षण र व्यवस्थापन गर्ने निर्णय गरियो ।

झ. यस नगर क्षेत्र भित्र बसोबास गरेका नागरिकहरू कसैको स्वभाविक वा अस्वभाविक मृत्यु भई जातिय परम्परा अनुसार काजकृया समेत गर्न नसक्ने परिवारजनलाई काजकृया खर्च बापत वडाको सिफारिसमा नगरप्रमुखको निर्णय अनुसार बढिमा दश हजार रुपैयासम्म काजकृया खर्च अनुदानको रूपमा उपलब्ध गराउने र सो का लागि बजेट जनता उपचार कोष बाट व्यहोर्ने निर्णय गरियो ।

ञ. आ.व. २०७९/८० का लागि सभाबाट स्वीकृत आर्थिक ऐनमा देहायका विषयहरूमा दस्तुर लिने/नलिने सम्बन्धमा द्विविधा उत्पन्न भएको सम्बन्धमा छलफल गर्दा देहायका विषयसँग सम्बन्धित सेवा प्रवाहमा दस्तुर नलिने प्रवन्ध गर्न कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

अ. आर्थिक रुपमा विपन्नताको सिफारिस (अदातललाई गरिने सिफारिस समेत पर्ने) ।

आ. पारिवारिक अवस्था कमजोर खुलाईएको छात्रवृत्ती सिफारिस ।

इ. पशु मरेको सरजमिन, सिफारिमस विमा प्रयोजनका लागि ।